# कालिका गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## धैवुङ, रसुवा

## आ.व. २०८२/०८३ को

## बजेट वक्तव्य

## तथा आय व्यय विवरण

**प्रस्तुत कर्ता**

मिरा तामाङ

उपाध्यक्ष

<u>कालिका गाउँपालिका धैवुङ रसुवाको आ.व. २०८१/०८२ को बजेट वक्तव्य</u>

**यस गरिमामय सभाका सभाध्यक्ष एवं गाउँपालिका अध्यक्ष श्री हरिकृष्ण देवकोटाज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँ सभा सदस्य ज्यूहरु, जिल्ला समन्वय समितिका सदस्य ज्यूहरु, यस कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारी मित्रहरु, सुरक्षाकर्मी, पत्रकार महानुभावहरु तथा नागरिक समाजका सदस्यज्यूहरु।**

१.आज मिति २०८२ असाढ १० गते मंगलबार बागमती प्रदेश रसुवा जिल्ला कालिका गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य प्रस्तुत गर्न यस गरिमामय गाउँसभा समक्ष उपस्थित भएको छु।यस खुसीको अवसरमा जनयुद्ध, जनआन्दोलन लगायत राजनैतिक अधिकार प्राप्तिका लागि भएका सङ्घर्षमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै मुलुकमा राजनैतिक, आर्थिक एवं सामाजिक तथा सांस्कृतिक परिवर्तनमा युगान्तकारी रुपमा नेतृत्वदायी भूमिका खेल्नुहुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

२.आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ एवं गाउँपालिकाको आवधिक योजना, नीति तथा कार्यक्रम, स्वीकृत अन्य ऐन, नियम तथा कार्यविधि र मार्गदर्शन साथै विभिन्न सरोकारालाहरुसँगको बैठक तथा छलफल र सरोकारवालहरुको सुझावहरुलाई समावेश गरी गाउँपालिकाका सम्पूर्ण नागरिकहरुको हित हुने गरी सामाजिक न्याय, समानुपातिक तथा समावेशी र सहभागितामूलक सिद्धान्तलाई आधार मानी बजेट तर्जुमा गरेको छु।

३. यसरी बजेट तर्जुमाका क्रममा अधुरा योजना, निर्माणधीन योजना तथा परियोजनाहरुलाई क्रमागत रुपमा सम्पन्न गर्न र सङ्घीय सरकार र प्रदेश सरकारसँग साझेदारी गर्ने समपुरक अनुदानका योजना तथा कार्यक्रम सम्पन्न गर्न त्यस्ता योजनाहरुलाई पहिलो प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु।साथै गाउँपालिकाका गाउँपालिकास्तरीय गौरवका योजनाहरुमा बजेट सुनिश्चितता गर्नुका साथै प्राथमिकताका आधारमा दिगो विकासको लक्ष्य प्राप्ति गर्न, तिन वटै सरकारको राष्ट्रिय लक्ष्य प्राप्ति गर्न र सोह्रौं योजनाको लक्ष्य प्राप्ति गर्न वातावरण वा पर्यावरणलाई सन्तुलन कायम गर्दै आर्थिक, सामाजिक र संस्थागत विकासका लागि बजेट विनियोजन गरेको छु।

४.गाउँपालिकाका आर्थिक, सामाजिक तथा सांस्कृतिक, भौगोलिक विविधता र वातावरणीय पक्षको मध्यनजर गरी नागरिकको आवश्यकता र सर्वोत्तम हितका लागि बजेट तर्जुमा गरिएको हुँदा यस बजेट तथा कार्यक्रमले गाउँपालिकाका नागरिकहरुको समग्र हितमा टेवा पुग्ने विश्वास लिएको छु।

**आदरणीय अध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दै छु।गाउँपालिकाको चालू आ.व २०८१/०८२ को यथार्थ आम्दानी र खर्चको अवस्थालाई अध्ययन एवं विश्लेषणका आधारमा वित्तीय सन्तुलन कायम हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरी विनियोजन गरेको छु।आ.व २०८२/०८३ का लागि कुल ४८ करोड ५६ लाख ६५ हजारको बजेट प्रस्ताव पेश गरेको छु। जसमा चालु तर्फ रु. ३ करोड ७२ लाख ३० हजार अर्थात ६३.२६% र पुँजीगत तर्फ रु. १७ करोड ८४ लाख ३५ हजार अर्थात ३६.७४% रहेको छ ।

५. स्रोत सुनिश्चिता गर्नुपर्ने वहुवर्षिय तथा प्रदेश सरकार र संघिय सरकार समपुरक अनुदानमा संचालन हुने योजनाहरु तर्फ रु. ८ करोड १८ लाख ४१ हजार रकम विनियोजन गरेको छु।

६. गाउँपालिकाले चालु आ.व. २०७९/०८० देखि शुरुवात गरेको नागरिक स्वास्थ विमा कार्यक्रमलाई निरन्तरता दिन रु.९० लाख विनियोजन गरेको छु ।

७. गाउँपालिकाका गाउँपालिकास्तरीय योजनाहरु तर्फ रु. २ करोड ५१ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

८.अध्यक्ष विकास कार्यक्रम र उपाध्यक्ष विकास कार्यक्रमका लागि ४०-४० लाखका दरले रु. ८० लाख रकम विनियोजन गरेको छु।साथै पर्यटन योजना साझेदारीको लागि रु. ५ लाख विनियोजन गरेको छु ।

९.गाउँपालिकाको आर्थिक विकासका क्षेत्रमा एकमुष्ठ ४१ लाख ५० हजार रकम विनियोजन गरेको छु।जसमध्ये कृषि क्षेत्रमा १० लाख, पशुपन्छी विकासतर्फ २० लाख, भूमीतर्फ ५ लाख र लघु उद्यम विकासतर्फ ६ लाख ५० हजार रकम विनियोजन गरेको छु।

१०.गाउँपालिकाको सामाजिक विकासका लागि एकमुष्ठ ३ करोड ५ लाख ५० हजार रकम विनियोजन गरेको छु।जसमध्ये शिक्षा क्षेत्रमा १ करोड ५३ लाख ५० हाजार, स्वास्थ्य

सेवातर्फ १ करोड ८ लाख, लैङ्गिक समानता तथा समावेशीकरणतर्फ ३४ लाख रकम र आयुर्वेद सेवातर्फ १० लाख रकम विनियोजन गरेको छु।

११. वातावरण तथा विपत् व्यवस्थापनको क्षेत्रमा २४ लाख ५० हजार विनियोजन गरेको छु।

१२. प्रशासकीय सुशासन र न्यायिक समितितर्फ क्रमश २० लाख विनियोजन गरेको छु।साथै गाउँपालिकाको स्रोतबाट पारिश्रमिक पाउने यस गाउँपालिकाको कार्यालय वा अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राख्दै कामप्रति प्रतिवद्ध बनाउन तलब स्केल भन्दा कम सेवा सुविधा पाउने कर्मचारीहरुको हकमा रु.२ हजार तलब थप गरी आवश्यक बजेट विनियोजन गरेको छु।

१३.कार्यालय सञ्चालन एवं प्रशासनिक व्यवस्थापनका लागि ७ करोड ७२ लाख रकम विनियोजन गरेको छु।

१४. विशेष अनुदान तर्फ सङ्घीय सरकारबाट खानेपानी तर्फ रु. १ करोड ६१ लाख र वागमती प्रदेश सरकारबाट कमेरे कटुन्जे थाक्ले खानेपानी डिप बोरिङ निर्माण तर्फ रु. ६५ लाख विनियोजन भएको जानकारी गराउन चाहन्छु।

**यस सभाका आदरणीय अध्यक्ष महोदय,**

उल्लिखित क्षेत्रहरुमा खर्च वा व्यय धान्न वा व्यहोर्नका लागि आ.व २०८२/०८३ मा देहायबमोजिम राजस्व आम्दानी हुने प्रस्ताव गर्दछु।

सङ्घीय सरकार र प्रदेश सरकारबाट अन्तरसरकारी वित्तीय हस्तान्तरणअन्तर्गत समानीकरण अनुदान बापत क्रमश ८ करोड ५७ लाख र ८१ लाख ८ हजार रकम आम्दानी हुने प्रस्ताव पेश गर्दछु।साथै सङ्घीय सरकारबाट राजस्व हस्तान्तरणमा मूल्य अभिवृद्धि कर, अन्त शुल्क र रोयल्टीसमेत गरी ७ करोड ८६ लाख ७८ हजार ४४७ राजस्व प्राप्त हुने अनुमान प्रस्ताव गर्दछु।यसै गरी प्रदेश सरकारबाट राजस्व हस्तान्तरणमा सवारी साधन कर, घरजग्गा रजिष्ट्रेसन शुल्क, दहत्तर बहत्तर गरी एकमुष्ठ २ करोड २७ लाख १४ हजार १५३ राजस्व प्राप्त हुने अनुमानित प्रस्ताव यस गरिमामय सभामा पेश गर्दछु।चालू आर्थिक वर्षको असार मसान्तसम्म खर्च नभई गाउँपालिकाको सञ्चितकोषमा ४ करोड ९६ लाख ४० हजार ४ सय रकम फिर्ता हुने अनुमान गरेको छु।साथै आगामी आर्थिक वर्षमा गाउँपालिकाले तय गरेको आर्थिक विधेयक २०८२ को आधारमा ७० लाख आन्तरिक राजस्व सङ्कलन गर्न सकिने प्रस्ताव यस गरिमामय सभामा प्रस्तुत गर्दछु।

अन्त्यमा,

यस कालिका गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३  को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी मित्रहरु, उपभोक्ता समिति/टोल विकास संस्थाका पदाधिकारी, नागरिक समाज तथा सम्पूर्ण सरोकारवाला पक्षहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।साथै बजेट तथा कार्यक्रमको कार्यान्वयनमा यहाँहरुको अर्थपूर्ण साथ सहयोगको अपेक्षासहित सफलताको कामना गर्दछु। धन्यवाद।

मिरा तामाङ

उपाध्यक्ष

कालिका गाउँपालिका

मिति : २०८२ असार १०

# आ.व. २०८२/०८३ को अनुमानित आय व्यय विवरण

| कालिका गाउँपालिकाको आ.व २०८२/०८३ को आय र व्ययको अनुमान | | |
|---|---|---|
| क्र.सं | आयको विवरण | अनुमानित बजेट |
| १ | आन्तरिक स्रोत | ७,०००,०००.०० |
| २ | आ.व २०८१/०८२ को संचितकोषमा अल्या हुने रकम | ४९,६४०,३९९.७५ |
| ३ | सङ्घीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम | ७८,६७८,४४७.०० |
| ३.१ | अन्त शुल्क | |
| ३.२ | मूल्य अभिवृद्धि कर | |
| ३.३ | रोयल्टी | |
| ४ | प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम | २२,७१४,१५३.२५ |
| ४.१ | सवारी साधन कर | |
| ४.२ | घरजग्गा रजिस्ट्रेसन शुल्क | |
| ५ | सङ्घीय समानीकरण अनुदान | ८५,७००,०००.०० |
| ६ | प्रदेश सरकार समानीकरण अनुदान | ८,१०८,०००.०० |
| | जम्मा आम्दानी (क) | २५१,८४१,०००.०० |
| ७ | सङ्घीय सरकारको शसर्त अनुदान | १५३,१००,०००.०० |
| ८ | सङ्घीय सरकारको समपुरक अनुदान | १०,०००,०००.०० |
| ९ | सङ्घीय सरकारको विषेश अनुदान | १६,१००,०००.०० |
| १० | प्रदेश सरकारको शसर्त अनुदान | २५,१२४,०००.०० |
| ११ | प्रदेश सरकारको विशेष अनुदान | ६,५००,०००.०० |
| १२ | प्रदेश सरकारको समपुरक अनुदान | २३,०००,०००.०० |
| | जम्मा रकम (ख) | २३३,८२४,०००.०० |
| | कूल जम्मा रकम (क)+ (ख) | ४८५,६६५,०००.०० |

| | |
|---|---|
| चालु खर्च तर्फ ६३.२६% | ३०७,२३०,०००.०० |
| पूँजीगत खर्च तर्फ ३६.७४% | १७८,४३५,०००.०० |